# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपालद्वारा सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रको विभिन्न कार्यक्रमहरूमा सहभागिता

गभर्नर डा. चिरंजीबि नेपालले मिति २०७२।११।२३ गते कैलालीको धनगढीमा नेपाल राष्ट्र बैंकको




भुक्तानी तथा फछ्र्यौट विभाग र UKAid सक्षमद्वारा आयोजित सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्नुभयो । कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै गभर्नर डा. नेपालले भुक्तानी तथा फछ्र्यौटको महत्वलाई मनन् गरी बैंकले केही समय अघि नयाँ विभागको गठन गरेको जानकारी दिनु हुँदै उहाँले राष्ट्र बैंक स्थापनाको एक उद्देश्य सक्षम एवम् सुरक्षित भुक्तानी प्रणालीको विकास गर्नु रहेको बताउनु भयो । भुक्तानी तथा फछ्र्यौटको नयाँ व्यवस्था




पश्चात कारोवारको पारदर्शीता बढ्ने र कारोवार सुरक्षित एवम् चाँडो भई आर्थिक क्रियाकलाप अझ बढ्दै जाने उल्लेख गर्नु भयो । विकासोन्मुख मुलुकलगायतका देशहरूले समेत निकै अघि शुरु गरेको यो व्यवस्था हामीकहाँ कार्यान्वयनमा आउन अझै द्रुत गतिमा इजाजत, नियमन एवम् निर्देशनहरूको तर्जुमा गर्न आवश्यक रहेको उल्लेख गर्नु हुँदै उहाँले आधुनिक, सवल र सक्षम वित्तीय प्रणालीका लागि आधुनिक भुक्तानी र फछ्र्यौट प्रणालीको विकास अपरिहार्य रहेको बताउनु भयो । सो कार्यक्रममा भुक्तानी र फछ्र्यौट विभागका कार्यकारी निर्देशक महेश भट्टराई र UKAid सक्षमका टिम लिडर बलजित बोहराले पनि मन्तव्य राख्नु भएको थियो ।

### धनगढी कार्यालयको अवलोकन भ्रमण

गभर्नर डा. चिरंजीबि नेपालद्वारा मिति २०७२।११।२३ गते बैंकको धनगढी कार्यालयको अवलोकन गर्नुभयो । सो अवसरमा आयोजित स्वागत कार्यक्रममा गभर्नर डा. नेपालले आफूले गभर्नरको पदभार सम्हालेदेखि नै धनगढी कार्यालयको भ्रमणमा आउन चाहेको तर देशको परिस्थिति र बैंकको आन्तरिक समस्याका कारणले गर्दा भ्रमण ढिला हुन पुगेको बताउनु भयो । सो अवसरमा उहाँले देशको आर्थिक अवस्था कमजोर रहेको, मुद्रास्फीति उच्च रहेको, राजस्व संकलन कम रहेको तर रेमिट्यान्स आप्रवाहका कारण बाह्य क्षेत्र सन्तोषजनक रहेको बताउनु हुँदै उहाँले नेपाल राष्ट्र बैंकको उद्देश्य प्राप्तीमा केन्द्रका विभागहरूको जत्तिकै योगदान जिल्लास्थित कार्यालयको पनि रहने उल्लेख गर्नु भयो । आन्तरिक रूपमा पनि भूकम्पका कारण बैंकको पूर्वाधार ध्वस्त हुन पुगेकोले बैंकका भवनहरू पुनरनिर्माण गरी आधुनिक केन्द्रीय बैंकको रूपमा स्थापित गर्नु चुनौति रहेकोले कर्मचारीहरूले पनि यसलाई मनन् गरी इमान्दारीताका साथ कर्तव्य निर्वाह गर्न निर्देशन समेत उहाँले दिनुभयो । अर्थतन्त्र गतिशील रहेकाले विभिन्न समयमा आउने चुनौतिहरूलाई सामना गर्न सक्ने क्षमता केन्द्रीय बैंकको हुनु पर्ने आवश्यकता औंल्याउँदै उहाँले

इमान्दार एवम् उत्कृष्ठ कार्य गर्ने कर्मचारीको सधै उचित मूल्यांकन गरिने बताउनुभयो । सुदुर पश्चिम आर्थिक दृष्टिले पछाडि परेको अवस्था रहेकोले धनगढी कार्यालयको योगदान र भूमिका आर्थिक गतिविधि विस्तारमा महत्वपूर्ण हुने कुरा उहाँले उक्त अवसरमा बताउनु भयो ।
सो कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित, धनगढी कार्यालयका निर्देशक विश्रुत थापा र उप-निर्देशक डिलाराम सुवेदीले पनि मन्तव्य राख्नु भएको थियो ।

## किसान बहुउद्देश्यीय सहकारी संस्था, सहजपुर सेवा केन्द्रमा आयोजित अन्तरक्रिया कार्यक्रममा सरिक

गभर्नर डा. चिरंजीबि नेपाल मिति २०७२।११।२४ का दिन किसान बहुउद्देश्यीय सहकारी संस्था, सहजपुर सेवा केन्द्र कैलालीमा संस्थाका महिला सदस्यहरूको उपस्थितिमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी हुनु भयो । सो अवसरमा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकको एक उद्देश्य वित्तीय पहुँच विस्तार गर्नु तथा ग्रामीण जनताको जीवनस्तर सुधार गर्नु रहेको बताउनु भयो । हातमा सिप भएका ग्रामीण महिलाले पनि बैंकबाट कारोवार गरी ऋण प्राप्त गरी आय आर्जन गर्न सक्ने र आफ्नो परिवारको जीवनस्तरमा सुधार ल्याउन सक्ने बताउनु भयो । देशको समग्र विकासका लागि न्यून आय भएका वर्गका जनताको जीवनस्तरमा सुधार हुनु पर्ने बताउँदै उहाँले ग्रामीण महिलालाई सानै स्तरको भए पनि व्यवसाय गर्न र कृषि व्यवसायलाई समेत बढावा दिन आग्रह गर्नु भयो । लघुवित्त संस्थाहरूले लिने व्याजदर बढी भएको जनगुनासो आएको सन्दर्भमा ती संस्थाहरूले व्याजदरमा कम गर्दै लग्नु पर्ने आवश्यकता रहेको उहाँले बताउनु भयो । ग्रामीण महिलाहरूको उल्लेख्य उपस्थिति रहेको सो कार्यक्रममा सदस्य महिलाहरू आफूलाई परेको पिरमर्का र अपेक्षा गभर्नर डा. नेपाल समक्ष राख्नु भएको थियो ।
सोही दिन गभर्नर डा. नेपालले सक्षम नेपालको डडेल्धुरा कार्यालयमा समाजका विभिन्न क्षेत्रको प्रतिनिधिहरू उपस्थित रहेको कार्यक्रममा वित्तीय पहुँच र वित्तीय साक्षरता बढाउन केन्द्रीय बैंकका अलावा गैर सरकारी संस्था, बैंक वित्तीय संस्था, संचार माध्यमको पनि उत्तिकै भूमिका हुने कुरा बताउनु भयो । सक्षम UKAid ले डडेल्धुरा जिल्लाका विभिन्न बैंक वित्तीय संस्थाहरूलाई साझेदार संस्थाको रूपमा कार्य गरी वित्तीय पहुँच बढाउन गरेको योगदानको उहाँले सराहना गर्नुभयो । वित्तीय पहुँच विस्तारले ग्रामीण अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान गर्ने र ग्रामीण अर्थतन्त्रलाई देशको समग्र अर्थतन्त्रसँग आवद्ध गर्न सघाउ पुग्ने कुरा व्यक्त गर्नु भयो । त्यसैगरी गभर्नर डा. नेपालले डोटी जिल्लाको खोड्पेमा स्थापित Global IME बैंकको Extension Counter को समेत अवलोकन गरी तहाँको बचत तथा कर्जाको अवस्था बारे जानकारी लिनु भयो ।

## किसान बहुउद्देश्यीय सहकारी संस्थाको केन्द्रीय कार्यालयको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले कैलालीको लम्किमा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाको केन्द्रीय कार्यालय भवनको २०७२।११।२५ मा समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख अतिथिको रूपमा मन्तव्य राख्नु हुँदै आफ्नै भवनमा कारोवार संचालन गर्न सक्नु सहकारी संचालनको एउटा राम्रो पक्ष रहेको उल्लेख गर्नु भयो । उहाँले सहकारी केही व्यक्ति मात्र धनी हुन खोल्ने नभई




सदस्यहरूको आर्थिक हित र सहयोगका लागि सहकारी स्थापना भएको बताउनु भयो । गभर्नर डा. नेपालले वित्तीय पहुँच एवम् वित्तीय साक्षरता बढाउन सहकारी संस्थाहरूको महत्वपूर्ण योगदान रहेको बताउनु भयो । सहकारी व्यक्तिको उद्यमशीलताको विकास गराउने आधारशीलाको रूपमा काम गर्ने संस्था भएकोले सदस्यहरूले पनि सही व्यवसायको छनौट र ऋणको सदुपयोगितामा जोड दिनु पर्ने उहाँले बताउनु भयो । केही गलत व्यक्तिहरूका कारण सहकारीबाट सामान्य

मानिसहरू ठगिएको बताउनु हुँदै उहाँले राष्ट्र बैंकको आफ्नै क्षमताले मात्र सबै सहकारीहरूको अनुगमन गर्न संभव नभएको बताउनु भयो । सहकारी संस्थाले कृषि व्यवसायको विकासमा जोड दिई कर्जा पनि सोही क्षेत्रमा बढाउन आग्रह गर्नु भयो ।

## किसान माइक्रोफाइनान्स वित्तीय संस्था लि., केन्द्रीय कार्यालय भवनको उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले किसान माइक्रोफाइनान्स वित्तीय संस्था लि. को स्थानन्तरित केन्द्रीय कार्यालय भवनको हलिया, कैलालीमा उद्घाटन गर्नु भयो । सो अवसरमा मन्तव्य राख्नु हुँदै गभर्नर डा. नेपालले घर परिवारको आय स्तर सुधार गर्न महिलाको पनि योगदान हुनु पर्ने र यसका लागि माइक्रोफाइनान्ससँगको सहकार्य महत्वपूर्ण हुने बताउनु भयो । महिलाको इमान्दारिता पुरुषहरूको भन्दा बढी हुने देखिएको बताउनु हुँदै उहाँले



लघुवित्त संस्थाले उपयुक्त ऋणी र व्यवसायको छनौटमा जोड दिनु पर्ने बताउनु भयो । सो अवसरमा उहाँले चालु वर्षको मौद्रिक नीतिमा संस्थाले आफ्नो नाफा ग्राहक हितमा खर्च गर्नु पर्नेलगायत नेपाल राष्ट्र बैंकले ल्याएका नीतिहरूको चर्चा गर्नु भएको थियो । सोही अवसरमा गभर्नर डा. नेपालले संस्थाका केन्द्र प्रमुखहरूलाई Tablet वितरण गर्नुका साथै Tablet बैंकिङ्ग कार्यको पनि शुभारम्भ गर्नु भयो ।

## नेपालगञ्जमा सक्षम कार्यालयको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले मिति २०७२।११।२६ मा UK Access to Finance सक्षमको क्षेत्रीय कार्यालय, नेपालगञ्जको उद्घाटन गर्नु भयो ।

सो अवसरमा गभर्नर डा. नेपालले सक्षमले वित्तीय पहुँच नपुगेका क्षेत्रमा विभिन्न बैंक/वित्तीय संस्थासँगको सहकार्य मार्फत वित्तीय पहुँच बढाउन गरेको कार्यको प्रसंशा गर्नु भयो । केन्द्रीय बैंकको उद्देश्य पनि वित्तीय पहुँच बढाउने, वित्तीय साक्षरता बढाउने भएकोले सक्षमको यस्तो कार्यमा बैंकले सहयोग गर्ने बताउनु भयो । अझै पनि बहुसंख्यक जनता औपचारिक वित्तीय सेवाको पहुँचबाट बाहिर रहेको उल्लेख गर्नु हुँदै उहाँले वित्तीय सेवाको विस्तार नभई केन्द्रीय बैंकको मौद्रिक नीति कार्यान्वयन पनि प्रभावकारी नहुने बताउनु भयो ।

हालको आधुनिक युगमा पनि देशका विभिन्न कुनामा रहेका जनताले बचत र कर्जाको ज्ञान र प्रयोग गर्न नपाएकोमा चिन्ता व्यक्त गर्नु हुँदै उहाँले वित्तीय पहुँच बढाउन सरकार, केन्द्रीय बैंक, गैर सहकारी संस्था, विदेशी दातृ निकायको समेत सहयोग आवश्यक हुने बताउनु भयो । राज्य एवम् केन्द्रीय बैंकले ल्याएका कतिपय सुविधा, सहुलियत समेत वित्तीय साक्षरता नभएका कारण ग्रामीण जनताले प्राप्त गर्न नसकेको बताउनु हुँदै उहाँले वित्तीय पहुँचले औपचारिक अर्थतन्त्र बढ्ने र अर्थतन्त्रको आकार पनि विस्तार हुने उल्लेख गर्नु भयो । सो अवसरमा मध्यपश्चिम र सुदुर पश्चिम क्षेत्रमा वित्तीय पहुँच र साक्षरता उल्लेख्य सुधार हुने आशा समेत उहाँले व्यक्त गर्नु भयो ।

यस अघि गभर्नर डा. नेपालले युनिक नेपालको बर्दियाको भुरिगाउमा लघुवित्त कार्यक्रम अन्तर्गत संचालित केन्द्रको निरीक्षण गर्नु हुँदै सदस्य महिलाहरूसँग अन्तरक्रिया समेत गर्नु भएको थियो ।